# भाग ५

## नेपाल सरकार

## वन तथा वातावरण मन्त्रालयको

## सूचना १

नेपाल सरकारले वन ऐन, २०७६ को दफा ७७ ले दिएको अधिकार प्रयोग गरी जैविक विविधता, प्रजाति संरक्षण र वातावरण संरक्षणको प्रयोजनको लागि देहायका वन पैदावारलाई देहाय बमोजिम प्रतिबन्ध लगाएकोले यो सूचना प्रकाशन गरिएको छ :-

१. देहायका जडिबुटी सङ्कलन, उपयोग, बिक्री वितरण, ओसार पसार र विदेश निकासीको लागि प्रतिबन्ध लगाइएको छः-

(क) पाँच औंले (Dactylorhiza hatagirea),

(ख) ओखरको रुखको बोक्रा (Juglans regia) (राष्ट्रिय वनको मात्र) ।

२. वनस्पति विभागले कुट्की (Picrorhiza scrophularifiora) हो भनी यकिन गरी सिफारिस गरेको आधारमा सो जडीबुटीको उपलब्धता समेतलाई दृष्टिगत गरी वन तथा भू-संरक्षण विभागले निकासी गर्न स्वीकृति दिएको अवस्थामा बाहेक कुट्की विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ ।

३. वनस्पति विभागको सिफारिसमा वन तथा भू-संरक्षण विभागको स्वीकृति लिएर नेपालभित्र प्रशोधन गरी सारतत्व निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक देदहायका जडिबुटी विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छः-

(क) जटामसी (*Nardostachys grandiflora*),

(ख) सर्पगन्धा (Rauwolfia serpentina),

(ग) लौठ सल्ला (Taxus spp.),

(घ) सुगन्धकोकिला (Cinnamomum glaucescens),

(ङ) सुगन्धवाल (Valeriana jatamansi),

(च) तालिस पत्र (Abies spectabilis) ।

४. वनस्पति बिभाग वा जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडको सिफारिसमा (आफ्नो उत्पादनको हकमा बाहेक) वन तथा भू-संरक्षण बिभागको स्वीकृति लिएर नेपालभित्र उमालेर सारतत्व निकाली (Boil and extract गरी) उपयुक्त ढङ्गले समिश्रण गरी निकासी गर्न अनुमति पाएको अवस्थामा बाहेक शिलाजित (Rock Exudate) लाई बिदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छ।

५. देहायका रुख व्यापारिक प्रयोजनको लागि कटान, ओसार पसार र विदेश निकासी गर्न प्रतिबन्ध लगाइएको छः-

(क) साल (Shorea robusta),

(ख) सतीसाल (Dalbergia latifolia),

(ग) विजयसाल (Pterocarpus marsupium),

(घ) ओखर (Juglans regia) (राष्ट्रिय बनको मात्र) ।

<u>द्रष्टव्यः</u> देहायको रुखको हकमा उल्लिखित प्रतिबन्ध लागू हुने छैनः-

(क) व्यवस्थापन योजनामा उल्लेख भए बमोजिमका ढलापडा रुख, स्वीकृत कार्ययोजना बमोजिम कटान हुने रुख र राष्ट्रिय प्राथमिकताप्राप्त आयोजना, लगानी बोर्डबाट

लगानी स्वीकृत भएको योजना र राष्ट्रिय गौरवका आयोजनाबाट कटान हुने रुख,

(ख) वन नियमावली, २०७९ को नियम १०२ बमोजिम सडक वा नहर विस्तारको क्रममा राईट अफ वे भित्र पर्ने रुख,

(ग) दर्ता भएको निजी वनमा लगाइएका वा हुर्काइएका साल प्रजातिका रुख (कटान, उपभोग, ओसारपसार र बिक्री वितरण गर्न) (सो कार्यको सम्बन्धित प्रदेश सरकारले आवश्यक अनुगमन गर्नु पर्ने)।

६. सङ्कटापन्न वन्यजन्तु तथा वनस्पातका अन्तराष्ट्रिय व्यापार महासन्धिको अनुसूचीमा सूचीकृत प्रजातिहरुको हकमा सङ्कटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार नियन्त्रण ऐन, २०७३ को व्यवस्था बमोजिम हुनेछ ।

७. नेपाल राजपत्रमा प्रकाशित देहायका सूचना खारेज गरिएका छन्ः-

(क) खण्ड ५१, सङ्ख्या ३६, मिति २०५८।९।१६ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना ।

(ख) खण्ड ५३, सङ्ख्या ३१, मिति २०६०।८।१ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना ।

(ग) खण्ड ५४, सङ्ख्या २५, मिति २०६१।६।१८ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना ।

(घ) खण्ड ५७, सङ्ख्या २९, मिति २०६४।७।१९ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना ।

(ङ) खण्ड ६०, सङ्ख्या ३८, मिति २०६७।९।२६ गतेको नेपाल राजपत्र भाग ५ मा प्रकाशित वन तथा भू-संरक्षण मन्त्रालयको सूचना ।

## सूचना २

नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण नियमावली, २०३० को नियम ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल राज्यभित्रका निजी खेत, खला, बारीमा आउने सानो जातको बँदेल बाहेकको जङ्गली बँदेललाई नेपाल राजपत्रमा सूचना प्रकाशन भएको मितिले एक बर्ष सम्मको लागि कृषि हानिकारक वन्यजन्तु घोषणा गरी त्यस्ता जङ्गली बँदेलले निजी खेत, खला, बारीमा आई क्षति पुऱ्याउने अवस्था भएमा त्यस्तो खेत, खला, बारीका धनीले देहायको शर्तको अधीनमा रही बिना अनुज्ञापत्र धपाउन, लखेट्न, पक्रन वा मार्न सक्ने निर्णय गरेकोले यो सूचना प्रकाशन गरिएको छ:-

**शर्तहरु:-**

(क) जङ्गली बँदेलले किसानको खेतबारीमा आई बालीनाली वा धनजनको हानी नोक्सानी पुऱ्याएमा किसान एक्लै वा सामूहिक रुपमा त्यस्तो बँदेललाई धपाउन, लखेट्न वा पक्रन सक्ने,